# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, भदौ १ गते २०६० साल (संख्या १९

## भाग ३

श्री ५ को सरकार

### कृषि तथा सहकारी मन्त्रालयको सूचना

**कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन)**
**(दोस्रो संशोधन) आदेश, २०६०**

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०६०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८ को दफा ३ मा संशोधनः कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८ को दफा ३ को,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमका अध्यक्ष र सदस्य रहनेछन्:-

(क) श्री ५ को सरकारले मनोनीत गरेको वा तोकेको व्यक्ति - अध्यक्ष

(ख) वडाअध्यक्ष, काठमाडौं महानगरपालिका वडा नं. १३ - सदस्य

(ग) प्रतिनिधि, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(घ) श्री ५ को सरकारले तोकेको कृषक प्रतिनिधि एकजना - सदस्य

(ङ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(२) उपदफा (३) मा रहेका "खण्ड (क), (ङ) तथा (च)" भन्ने शब्दहरूको सट्टा "खण्ड (क) र (घ)" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका 'मनोनीत हुन" भन्ने शब्दहरू पछि "वा तोकिन" भन्ने शब्दहरू थपिएका छन् ।

आज्ञाले,
पूर्णप्रसाद मानन्धर
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएका अधिकार प्रयोग गरी प्रहरी प्रधान कार्यालयले पंठारी गर्ने यूरो १,८३६/६६ मूल्य बराबरको फिङ्गर प्रिन्ट सम्बन्धी सामान एक लट र अमेरिकी डलर १,३००.०० मूल्य बराबरको Hot Air Oven एक थान आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



९८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकको विभागको सेवामा रही उत्कृष्ट काम गर्ने आठजना कर्मचारीहरूलाई विशेष पुरस्कार स्वरूप दिइने जम्मा रकम रू. ३,८३,८८६।- मा लाग्ने आयकर छुट दिने निर्णय गरकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी ब्रिटिश गोर्खा नेपालले Import permit and duty exemption agreement अन्तर्गत भारत तथा तेस्रो मुलुकबाट आ.व. सन् २००३/०४ का लागि संझौता बमोजिम प्राप्त हुने पाउण्ड स्टर्लिङ्ग २१,११,०००.०० मूल्य बराबरका ANNEX A TO DEF/G5/5 अनुसारका सामानहरू आयात गर्दा लाग्ने भन्सार महसुल तथा अन्य करहरू छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी आँखा अस्पतालले फिल्ड र एम्बुलेन्स प्रयोजनको लागि MD 102 Sight First 791/323 (Swiss Lions) बाट उपहार स्वरूप प्राप्त गर्ने जापानी येन ३३,६७,३२१.०० मूल्य बराबरको Toyota Land Cruiser Jeep आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ले दिएको अधिकार प्रयोग गरी श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष अन्तर्गत सदर चिडियाखानामा जनावरहरूको औषधि उपचार कार्यको लागि DAN-INJECT Aps, Sellerupskovvej 1'16 DK-7080 Borkop, Denmark बाट आयात गर्ने युरो १,१९१।१९ मूल्य बराबरका चिकित्सा उपकरणमा लाग्ने भन्सार महसूल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सहसचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

952
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।